सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३६३ ♦ २०८३ साल असोज ८ विहिवार ♦ 24 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा राजस्व चुहावट नियन्त्रणका लागि सीमा क्षेत्रदेखि बजारसम्म निगरानी

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**



महोत्तरीमा राजस्व चुहावट नियन्त्रण गर्न सीमा नाकादेखि स्थानीय बजारसम्म निगरानी र अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा बुधबार बसेको राजस्व चुहावट नियन्त्रण समितिको बैठकले चोरीपैठारी नियन्त्रण, विदेशी नम्बर प्लेटका सवारी साधनको अनुगमन तथा भन्सार छली गरी ल्याइएका सामानको बजारमा हुने बिक्रीवितरण रोक्न सुरक्षा निकाय र सम्बन्धित कार्यालयबीच समन्वय बढाउने निर्णय गरेको हो ।

बैठकले जिल्लाका संवेदनशील नाका तथा चोरीबाटो पहिचान गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त तथा आकस्मिक गस्ती बढाउने निर्णय गरेको छ । राजस्व छलीमा संलग्न व्यक्ति तथा समूहको गतिविधिमाथि निगरानी बढाई आवश्यक कानुनी कारबाही अघि बढाउने निर्णयसमेत गरिएको छ ।

बैठकमा जलेश्वर भन्सार कार्यालयको चालु आर्थिक वर्षको राजस्व असुली तथा मुद्दा फछ्र्योटको अवस्थाबारे समीक्षा गरिएको थियो । कार्यालयका अनुसार चालु आर्थिक वर्षमा दुई अर्ब ९२ करोड रुपियाँ राजस्व असुलीको लक्ष्य रहेकामा भदौ मसान्तसम्म १८ दशमलव ७५ प्रतिशत असुली भएको छ । साउन महिनाका लागि १४ करोड रुपियाँ राजस्व असुलीको लक्ष्य निर्धारण गरिएकामा १७ करोड ३७ लाख रुपियाँ तथा भदौ महिनामा १६ करोड रुपियाँ लक्ष्य रहेकामा २० करोड चार लाख रुपियाँ राजस्व असुली भएको विवरण बैठकमा प्रस्तुत गरिएको थियो ।

त्यसैगरी, भदौ मसान्तसम्म सुरक्षा निकायबाट जलेश्वर भन्सार कार्यालयमा दाखिला गरिएका १५८ वटा मुद्दामध्ये १०४ वटा मुद्दाको लिलामी प्रक्रिया सम्पन्न भएको छ । ती मुद्दामा चार करोड ३८ लाख ५४ हजार २७ रुपियाँ बराबरको प्रतिवेदन मूल्य रहेकामा लिलामीबाट ८४ लाख २७ हजार ६३० रुपियाँ राजस्व दाखिला भएको जनाइएको छ ।

बैठकले भारतीय तथा अन्य विदेशी नम्बर प्लेटका सवारी साधनको अस्थायी पैठारीलाई व्यवस्थित गर्न भन्सार विभागले लागू गरेको नयाँ अनलाइन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

नेपाल प्रवेश गर्दा प्राप्त सुविधाको अवधि समाप्त भएपछि सम्बन्धित मुलुकतर्फ फर्कने विदेशी सवारी साधनको प्रणालीमा अनिवार्य रूपमा फिर्ती दर्ता गराउनुपर्ने व्यवस्थाको कडाइका साथ अनुगमन गरिने भएको छ ।

भन्सार नाका तथा सुरक्षा जाँचस्थलमा खटिने नेपाल प्रहरी र सशस्त्र प्रहरीले नेपालबाट फिर्ता जाने विदेशी सवारी साधनको प्रणालीमा फिर्ती दर्ता भए-नभएको जाँच गर्नेछन् । निर्धारित समयभित्र फिर्ता नभएका वा प्रणालीमा फिर्ती दर्ता नगराई नेपालमै सञ्चालन भइरहेका म्याद नाघेका विदेशी सवारी साधन पहिचान गरी नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने निर्णय गरिएको छ ।

भन्सार छली तथा प्रतिबन्धित वस्तुको अवैध कारोबार नियन्त्रण गर्न स्थानीय बजारमा नियमित अनुगमन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

भन्सार छली गरी ल्याइएका वा सरकारले पैठारीमा प्रतिबन्ध लगाएका वस्तु बजारमा बिक्रीवितरण भइरहेको पाइएमा त्यस्ता सामान नियन्त्रणमा लिई संलग्न व्यक्तिमाथि प्रचलित कानुनबमोजिम कारबाही अघि बढाइने बैठकले जनाएको छ ।

राजस्व संकलनको लक्ष्य हासिल गर्न आन्तरिक राजस्व कार्यालय बर्दिबासले आफ्नो मासिक राजस्व लक्ष्य, प्रगति, बजार अनुगमन तथा कर छली नियन्त्रणसम्बन्धी विवरण नियमित रूपमा समितिलाई उपलब्ध गराउने निर्णय गरिएको छ ।

बैठकले राजस्व चुहावट नियन्त्रणसँगै वैध व्यापार प्रवर्धनका लागि जिल्लाका उद्योगी, व्यवसायी, चेम्बर अफ कमर्स, यातायात व्यवसायी तथा स्थानीय जनप्रतिनिधिसँग नियमित छलफल र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत गरेको छ ।

सुरक्षा तथा राजस्वसँग सम्बन्धित निकायबीच सूचना तथा गुप्तचरी विवरणको नियमित आदानप्रदान र विश्लेषण गरी संयुक्त रूपमा काम गर्ने निर्णय पनि बैठकले गरेको छ ।

## मधेश प्रदेश सरकारद्वारा प्रहरीलाई ३५ थान मोटरसाइकल प्रदान

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, वर्दिवास**



मधेश प्रदेश सरकारले शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा प्रहरीको कार्यसम्पादन प्रभावकारी बनाउन नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल प्रदान गरेको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले उपलब्ध गराएका मोटर साइकलको साँचो सम्बन्धित जिल्लाका प्रहरी उपरीक्षक हरूलाई हस्तान्तरण गरिएको हो ।

प्रदेश सरकारले १२५ सीसी क्षमताका सुपर स्प्लेन्डर मोटर साइकल उपलब्ध गराएको जनाएको छ ।

मोटरसाइकल हस्तान्तरण गर्दै गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले जनताको

बाँकी पृष्ठ ३ मा

## मधेसमा अब एक सातामै सवारी चालक अनुमतिपत्र पाइने



**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, वर्दिवास**

मधेस प्रदेश सरकारले आफ्नै पहलमा छपाइ गरिएका सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) यातायात व्यवस्था कार्यालयहरूलाई वितरण गर्न थालेको छ। प्रदेशको श्रम तथा यातायात मन्त्रालयले बुधबार विभिन्न यातायात कार्यालयका लागि तीन हजार ८१ थान

बाँकी पृष्ठ ३ मा

# भारी वर्षाको पूर्वतयारी : ७७ वटै जिल्लाका सीडीओसँग छलफल

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**

यही असोज ८ गतेदेखि हुन सक्ने भारी वर्षा र त्यसबाट सिर्जना हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण तथा पूर्वतयारीका सन्दर्भमा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी ( सीडीओ) हरूसँग आज उच्चस्तरीय छलफल सम्पन्न भएको छ ।

गृह सचिव केदारनाथ शर्माको प्रमुख आतिथ्यतामा आयोजित बैठकमा वर्षाको सम्भावित अवस्था, उच्च जोखिमयुक्त जिल्लाहरूमा अपनाउनुपर्ने सतर्कता, आम सर्वसाधारणलाई समयमै सूचना प्रवाह गर्ने संयन्त्र तथा सम्भावित जोखिमका आधारमा सवारी आवागमन नियन्त्रण वा बन्द गर्नेलगायतका विषयमा विस्तृत छलफल भएको थियो ।

छलफलमा जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखा, तीनवटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल), नेपाल पर्यटन बोर्ड एवं नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका उच्च प्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता रहेको थियो। काठमाडौं उपत्यकाबाहेक अन्य जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू भने भर्चुअल माध्यमबाट बैठकमा जोडिएका थिए ।

सो अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले भारी वर्षाका कारण बाढी, पहिरो र डुबानको जोखिम उच्च रहेका क्षेत्रहरूमा पूर्ण सतर्कता अपनाउन र खोज, उद्धार तथा राहतका लागि आवश्यक पूर्वतयारीमा रहन सबै सरोकारवाला निकायलाई आग्रह गरे ।

# शिक्षा मन्त्रालयले भन्यो- असोज ८ र ९ गते विद्यालय बिदा गर्नू, परीक्षा पनि स्थगित गर्नू

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**

भारी वर्षाको पूर्वानुमानपछि शिक्षा तथा खेलकुद मन्त्रालयले असोज ८ र ९ गते स्थानीय तहसँगको समन्वयमा आवश्यकताअनुसार विद्यालय बिदा गर्न आग्रह गरेको छ।

जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित क्षेत्रका विज्ञहरूले असोज ९ देखि ११ गतेसम्म देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात, हावाहुरी र चट्याङको सम्भावना रहेको पूर्वानुमान गरेपछि मन्त्रालयले यस्तो आग्रह गरेको हो।

मन्त्रालयले असोज ९ देखि ११ गतेसम्म तोकिएका परीक्षा पनि आवश्यकताअनुसार स्थगित गर्न विश्वविद्यालय तथा परीक्षा सञ्चालन गर्ने निकायलाई अनुरोध गरेको छ।

भारी वर्षाका कारण बाढी, पहिरो, डुबान, नदी कटान, हिमपहिरो, सडक अवरोध तथा विद्युत् र सञ्चार सेवामा अवरोध हुनसक्ने जोखिम रहेकाले सावधानी अपनाउन मन्त्रालयले आग्रह गरेको छ।

त्यस्तै सुरक्षित विद्यालय भवनलाई अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्नुपर्ने अवस्था आएमा स्थानीय तहलाई सहजीकरण गर्न तथा बालबालिकालाई नदी, खोला, पोखरी र पहिरोको जोखिम भएका स्थानमा जान नदिन अभिभावकलाई मन्त्रालयले अनुरोध गरेको छ।

# बिहीबारदेखि राति र लामो दूरीको यात्रा नगर्न यातायात व्यवसायीको अनुरोध



**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले बिहीबार देखि १२ असोजसम्म रातिको समयमा तथा अत्यावश्यकबाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ।

महासंघले बुधबार विज्ञप्ति जारी गर्दै यातायात सेवा सञ्चालन गर्नुअघि बाटोको अवस्था र मौसमबारे अनिवार्य जानकारी लिन आफ्ना सदस्यलाई निर्देशनसमेत दिएको छ।

महासंघले अत्यावश्यक कामबाहेक टाढाको यात्रा नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ। साथै, बिहीबारदेखि रातिको समयमा यात्रा नगर्न पनि अनुरोध गरेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यसअघि नै सरोकारवालालाई मौसम र सडकको अवस्था हेरेर मात्रै यात्रा तथा यातायात सञ्चालन गर्न आग्रह गरिसकेको थियो। सोही अनुरूप महासंघले यातायात व्यवसायीलाई सचेत गराएको हो।

यस साता लगातार वर्षा हुने र त्यसका कारण सडकमा बाढी तथा पहिरोको जोखिम बढ्न सक्ने भन्दै सरकारले सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ।

# प्रधानमन्त्री बालेनद्वारा सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन अपिल

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले सम्भावित वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा समेत अवरोध हुन सक्ने भएकाले सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन अनुरोध गरेका छन् ।

"मौसम प्रणालीको प्रभावका कारण गण्डकी प्रदेशको पोखरा आसपास, लुम्बिनीको पहाडी तथा तराई क्षेत्र, कोसीको ताप्लेजुङलगायत हिमाली भूभाग, बागमतीको पहाडी खण्ड, कर्णालीको जुम्ला आसपास तथा सुदूरपश्चिमका पहाडी क्षेत्रहरूमा बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमप्रति विशेष सतर्क रहन आवश्यक छ," प्रधानमन्त्री बालेनले आफ्नो फेसबुक पेजमा लेखेका छन् ।

असोज ९ गतेदेखि ११ गतेसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको उनले जनाएका छन् ।

गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि अति भारी वर्षा तथा एक/दुई स्थानमा अति भारी वर्षा हुन सक्ने पूर्वानुमान गरिएको उनले बताएका छन् । साथै, कोसी, बागमती, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा समेत भारीदेखि धेरै भारी वर्षा हुन सक्ने सम्भावना रहेको भनाई उनको छ। "साथै पानी परिरहेको समयमा तथा रातिको समयमा सकेसम्म राजमार्गमा यात्रा नगर्न अनुरोध गर्दछौं। पहिरो तथा बाढीको जोखिम भएका क्षेत्र, नदी तथा खोलानजिकका क्षेत्रमा विशेष सतर्कता अपनाउन अनुरोध छ," प्रधानमन्त्री बालेनले भनेका छन् ।

ट्रेकिङ तथा हिमाली क्षेत्रमा जाने योजना बनाएका व्यक्तिहरूलाई मौसम सुधार नभएसम्म यात्रा स्थगित वा पुनर्विचार गर्न उनले अनुरोध गरेका छन् । मौसम विज्ञान विभाग तथा स्थानीय प्रशासनबाट जारी हुने सूचनाहरू नियमित रूपमा हेर्न र आवश्यक अवस्थामा सम्बन्धित निकायको निर्देशन पालना गर्न समेत उनले अनुरोध गरेका छन् ।

"सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायहरूलाई आवश्यक तयारी, समन्वय तथा पूर्वसतर्कता अपनाउन आग्रह गरिएको छ । सम्पूर्ण नागरिकलाई सुरक्षित रहन, सचेत बन्न तथा आवश्यक सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछौं," प्रधानमन्त्री बालेनले भनेका छन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्ढार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसमा अब एक सातामै सवारी....

चालक अनुमतिपत्र हस्तान्तरण गरेको हो ।

मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा श्रम तथा यातायातमन्त्री शारदा थापाले यातायात कार्यालय जनकपुरका प्रमुख वासुदेव मल्ललाई जनकपुर कार्यालयका लागि छपाइ गरिएका चालक अनुमतिपत्र हस्तान्तरण गर्नुभयो ।

मन्त्री थापाका अनुसार प्रदेश सरकारको पहलमा सुरक्षण मुद्रण केन्द्रबाट चालक अनुमतिपत्र छपाइ गरी वितरणको प्रक्रिया सुरु गरिएको हो। यसबाट सेवाग्राहीले लामो समयसम्म लाइसेन्सको प्रतीक्षा गर्नुपर्ने अवस्था अन्त्य हुने अपेक्षा गरिएको छ ।

उहाँले प्रदेश सरकारकै अग्रसरतामा लाइसेन्स छपाइको व्यवस्था सुरु भएकाले सेवा प्रवाहमा सुधार आउने बताउनुभयो । छपाइ भएका चालक अनुमतिपत्र स्थानीय तहसँगको सहकार्यमा वडास्तर सम्म पुऱ्याई सेवाग्राहीलाई घर दैलोबाटै उपलब्ध गराउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयका सचिव रञ्जित यादवले अब ट्रायल परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले बढीमा एक साताभित्र चालक अनुमतिपत्र प्राप्त गर्ने व्यवस्था मिलाइने बताउनुभयो। यसअघि संघीय सरकारको प्रणालीमार्फत छपाइ हुने भएकाले अनुमतिपत्र प्राप्त गर्न लामो समय लाग्ने गरेको उहाँको भनाइ थियो ।

“अब प्रदेशले आवश्यक सङ्ख्या निर्धारण गरेर सुरक्षण मुद्रण केन्द्रमा छपाइका लागि पठाउनेछ। तोकिएको समयमै छपाइ भएर आउने भएकाले विगतजस्तो लामो समय कुर्नुपर्ने अवस्था रहँदैन,” सचिव यादवले भन्नुभयो ।

यातायात व्यवस्था कार्यालय जनकपुरका प्रमुख वासुदेव मल्लले प्रदेश सरकारबाटै छपाइ प्रक्रिया सुरु भएपछि सेवाग्राहीलाई चालक अनुमतिपत्र उपलब्ध गराउन सहज हुने बताउनुभयो। उहाँका अनुसार हाल ट्रायल उत्तीर्ण गरेको करिब एक महिनाभित्र अनुमतिपत्र वितरण हुँदै आएकोमा अब एक साताभित्रै उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

**आठ कार्यालयलाई वितरण**

मन्त्रालयका अनुसार बुधबार प्रदेशका आठवटै यातायात व्यवस्था कार्यालयका लागि छपाइ गरिएका चालक अनुमतिपत्र वितरण गरिएको छ ।

यातायात व्यवस्था कार्यालय राजविराज, सप्तरीलाई ५२ थानको एक प्याकेट, लहान, सिरहालाई ४६० थान, बर्दिबास, महोत्तरीलाई ३०३ थान र जनकपुरलाई ९३२ थान चालक अनुमतिपत्र पठाइएको छ ।

त्यस्तै, मलङ्वा, सर्लाहीलाई ३२ थान, गौर, रौतहटलाई ११९ थान, कलैया, बारालाई ११ थान र वीरगञ्ज, पर्सालाई एक हजार १७२ थान चालक अनुमतिपत्र पठाइएको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले आफ्नै तहबाट चालक अनुमतिपत्र छपाइ तथा वितरणको व्यवस्था सुरु गरेसँगै यातायात सेवा प्रवाहलाई थप व्यवस्थित र छिटो बनाउने उद्देश्य लिएको मन्त्रालयले जनाएको छ ।

# मधेश प्रदेश सरकार....

जीउधनको सुरक्षा, अपराध नियन्त्रण, भन्सार चोरी नियन्त्रण तथा विपद्का समयमा उद्धार र राहतका काममा मोटर साइकल उपयोगी हुने बताए। मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले प्रदेश सरकारले उपलब्ध गराउँदै आएको साधनस्रोतको अधिकतम उपयोगबाट शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रणमा सहयोग पुगेको बताए ।

मोटरसाइकल हस्तान्तरण कार्यक्रममा मन्त्रालयका सचिव विन्देश्वरप्रसाद लेखकसहित मन्त्रालयका उच्च अधिकारी हरूको उपस्थिति थियो ।

मन्त्रालयका अनुसार बिहीबार सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, अपराध नियन्त्रण तथा भन्सार छली नियन्त्रणका लागि थप २० थान मोटरसाइकल प्रदान गरिनेछ ।

यसअघि पनि प्रदेश सरकारले मधेशका आठवटै जिल्लाका प्रहरीलाई प्रहरी भ्यान, सीसीटीभी तथा विभिन्न सञ्चार उपकरणलगायतका सामग्री उपलब्ध गराउँदै आएको छ ।

# महोत्तरीमा क्रिकेटको भविष्य निर्माण, नयाँ पुस्ता तयार गर्न असोज २५ गते देखी प्रशिक्षण संचालन हुँदै

खबर दर्पण समाचारदाता

**असोज ७ गते, बर्दिबास**




क्रिकेट प्रतिको बढ्दो क्रेज र शिक्षा सँगै खेलकुदको विकासमा टेवा पुर्याउने उद्देश्यका साथ नरेश सिंह क्रिकेट एकेडमी तथा आर एस सेवन स्पोर्ट्स कन्सर्नको संयुक्त आयोजनामा क्रिकेट प्रशिक्षण संचालन हुने भएको छ ।

महोत्तरी मैं स्व.नरेश सिंहको स्मृतिमा विद्यालय स्तररिय क्रिकेट प्रतियोगिता आयोजना गर्दै आईरहेको नरेश सिंह क्रिकेट एकेडमी द्वारा अब नियमित क्रिकेट प्रशिक्षण दिनका लागि प्रशिक्षण एकडेमी संचालनमा ल्याउन लागिएको एकेडमीका संयोजक तथा पूर्व खेलाडी राहुलप्रताप सिंहले बताएका छन । महोत्तरी सदरमुकाम जलेश्वर स्थित जलेश्वर रंगशाला(ल.च.मु. क्रिकेट ग्राउण्ड)मा महोत्तरीका ६ वर्ष देखी १६ वर्ष सम्मका बालबालिकालाई क्रिकेट प्रशिक्षण दिईने आयोजकले जानकारी दिएका छन ।

आउदो असोज २५ गते देखी उक्त प्रशिक्षण एकेडमी संचालनमा आउने छ । नेपालका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा आफ्नो खेल प्रदर्शन गरिसकेका तथा खेल्दै आईरहेका खेलाडी र आई.सी.सी. को लेभल १ तथा लेभल २ प्रशिक्षकहरु द्वारा प्रशिक्षण दिईने जानकारी आयोजकले बताएका छन ।

महोत्तरीमा क्रिकेट प्रतिको क्रेज बढ्दो अवस्थामा रहेपनि उपयुक्त क्रिकेट रंगशाला तथा अनुभवी प्रशिक्षकहरुको प्रशिक्षण नपाएर राम्रो खेलाडी उत्पादनमा शून्यता आएको प्रति गम्भीर चिन्ता व्यक्त गर्दै एकेडमीका संयोजक सिंहले यसको समाधानका लागि पहल स्वरूप प्रशिक्षण एकेडमी संचालनमा ल्याईएको जनाए । “यस अघि पनि महोत्तरीमा क्रिकेटको अस्तित्व जोगाई राख्न सक्रिय थियौ ।

खेलाडीहरुलाई प्रशिक्षण दिने लगायत क्रिकेट प्रतियोगिताहरुको समेत आयोजना गर्यौ तर खेलाडी उत्पादन नभएमा खेल कस्ले खेल्ने अनि नियमित प्रशिक्षण नपाए खेलाडी आकर्षित पनि कसरी हुने। यस्ता समस्याहरुको समाधानका लागि विद्यालय पाठ्यक्रम जस्तै क्रिकेटको पाठ्यक्रम नै बनाई जीरो लेभल देखी नै प्रशिक्षण प्रदान गर्ने उद्देश्यका साथ एकेडेमीले सो निर्णय लिएको संयोजक सिंहले जानकारी दिए। उनले प्रशिक्षण संचालन गर्न आवश्यक सबै व्यवस्थापन कार्य अन्तिम चरणमा पुगीसकेको बताए। प्रतिभा भएका बालबालिका तथा आर्थिक रूपले समस्यामा रहेका प्रति एकेडमीले सहजता प्रदान गर्ने जानकारी दिदै प्रशिक्षण एकेडमीमा जोडिन आवाह्न गरेका छन ।



# गोदामबाट सामान उठाएपछि महेन्द्रनगरका व्यापारी आन्दोलित





**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, महेन्द्रनगर**

गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिएको विरोधमा धनुषाको क्षिरेश्वरनाथ नगर पालिका-५ महेन्द्रनगरका व्यापारीले बुधबार बजार बन्द गरी प्रदर्शन गरेका छन् ।

स्थानीय व्यापारी शिवशङ्कर साहको गोदामबाट सामान नियन्त्रणमा लिएको विषयलाई लिएर छिरेश्वरनाथ उद्योग वाणिज्य सङ्घको अगुवाइमा व्यवसायीहरू आन्दोलनमा उत्रिएका हुन् ।

गत आइतबार जनकपुर भन्सार कार्यालय, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले महेन्द्रनगरस्थित साहको शङ्कर शम्भु जनरल स्टोरको गोदाममा छापा मारेको थियो । टोलीले गोदामबाट खर्बुजाको बीउ, बदाम, पार्ले चकलेटलगायत विभिन्न सामान नियन्त्रणमा लिएर लगेको व्यापारीको भनाइ छ ।

व्यापारीहरूले आफूले वैध रूपमा खरिद गरेका सामानको बिलबिजक हुँदाहुँदै गोदामको ताला तोडेर सामान उठाइएको आरोप लगाएका छन् । त्यसको विरोधमा बजार बन्द गर्दै प्रदर्शन गर्नुपरेको छिरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवले बताए ।

उनले व्यवसायीका कागजात र सामानको स्रोतको आवश्यक जाँच नगरी एकतर्फी रूपमा सामान नियन्त्रणमा लिने कार्यले स्थानीय व्यवसायीलाई निरुत्साहित बनाएको बताए । सामान वैध वा अवैध भन्ने विषय आवश्यक अनुसन्धान र प्रमाणका आधारमा टुङ्ग्याउनुपर्ने भन्दै सङ्घले निष्पक्ष छानबिनको माग गरेको छ ।

यसअघि व्यापारी साहले पत्रकार सम्मेलनमार्फत आफ्नो व्यवसायबाट नियमित रूपमा कर तिर्दै आएको र गोदाममा र हेका सामानको खरिद तथा बिक्रीसम्बन्धी बिलबिजक आफूसँग रहेको दाबी गरेका थिए । उनले गोदामबाट करिब ७५ देखि ८० लाख रुपैयाँ बर ाबरको सामान लगिएको दाबी गर्दै त्यसमा खर्बुजाको बीउ मात्रै करिब ३२ लाख रुपैयाँ बराबरको रहेको बताए ।

साहका अनुसार गोदाममा रहेका अधिकांश सामान नेपाली उत्पादन वा वैध माध्यमबाट खरिद गरिएका हुन् । आफूले नियमित रूपमा कर तिर्दै आएको र व्यवसायसँग सम्बन्धित कर तथा अन्य कागजातसमेत अद्यावधिक र हेको उनको दाबी छ ।

तर, जनकपुर भन्सार कार्यालयले भने व्यापारीको दाबीभन्दा फरक विवरण सार्वजनिक गरेको छ ।

जनकपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मानबहादुर पौडेलले भारतबाट तस्करीको माध्यमबाट नेपाल भित्र्याइएको खुलेपछि गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिइएको बताए ।

पौडेलका अनुसार छापा क्रममा करिब १६ लाख ९६ हजार रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको हो । भन्सार कार्यालयले नियन्त्रणमा लिइएको सामानको स्रोत तथा भन्सारसम्बन्धी प्रक्रिया अघि बढाउने जनाएको छ ।

# गौशाला नगरपालिकामा कांग्रेसको अधिवेशन सर्वसम्मत

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज ७ गते, महोत्तरी**

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत महोत्तरीको गौशाला नगरपालिकामा वडा, नगर तथा प्रदेश तहका अधिवेशनहरू सर्वसम्मत रूपमा सम्पन्न भएका छन्। अधिवेशनबाट विभिन्न तहमा नेतृत्व चयन गर्दै कांग्रेसले पार्टीभित्र सहमति, एकता र सहकार्यको सन्देश दिएको नेताहरूले बताएका छन्।

गौशाला नगर समितिको सभापतिमा लोकप्रिय तथा जुझारु युवा नेता राजकुमार श्रेष्ठ सर्वसम्मत निर्वाचित भएका छन्। श्रेष्ठलाई सफल कार्यकालको शुभकामना दिँदै पार्टी संगठनलाई थप सुदृढ बनाउन सक्रिय भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

त्यस्तै, नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत महोत्तरी क्षेत्र नं. १(ख) को प्रदेश सभापतिमा राधेश्याम भगत दोस्रो कार्यकालका लागि निर्वि रोध सर्वसम्मत निर्वाचित भएका छन्। भगतलाई पनि नेता-कार्यकर्ताले बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन्।

गौशाला नगरपालिकाका १२ वटै वडामा वडा अधिवेशन सम्पन्न भई वडा सभापतिहरू सर्वसम्मत रूपमा चयन भएका छन्। निर्वाचित वडा सभापतिहरूमा गौशाला-१ मा जयराम भारती, २ मा रामचन्द्र चौधरी, ३ मा लालबाबु साह, ४ मा श्याम महतो, ५ मा जीवन मगर, ६ मा केदार यादव, ७ मा चनर देव चौधरी, ८ मा सुरेश महतो, ९ मा सजन सिंह, १० मा र ामदुलार यादव, ११ मा अशोक कुमार महतो र १२ मा वीरेन्द्र महतो रहेका छन्।




अधिवेशनबाट सर्वसम्मत रूपमा नेतृत्व चयन हुनु पार्टीभित्रको सहमति र सहकार्यको सकारात्मक अभ्यास भएको कांग्रेसका नेता-कार्यकर्ताहरूले बताएका छन्।

वडा तहदेखि नगर र प्रदेश तहसम्म सहमतिका आधारमा नेतृत्व चयन भएपछि संगठनलाई थप व्यवस्थित र सुदृढ बनाउँदै अघि बढ्ने अपेक्षा गरिएको छ। नवनिर्वाचित सबै सभापति तथा पदाधिकारीहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै आगामी दिनमा संगठन सुदृढीकरण, पार्टी एकता, लोकतान्त्रिक संस्कार र जनताको सेवामा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,